

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० फागुन ६ गते आइतबार ❑ 18 Feb. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## पोखरा अन्तर्राष्ट्रिय म्याराथनको उपाधि केन्याली धावकलाई

पोखरापत्र संवाददाता
पोखरा, ५ फागुन

१८ औं सफल पोखरा म्याराथनमा केन्याली धावकहरुले वर्चस्व राखेका छन् । नेपाली अग्रज खेलाडीहरुको छाता संस्था नेपाल भूतपूर्व खेलाडी मञ्चद्वारा पोखरामा शनिबार सम्पन्न म्याराथनमा खुला म्याराथनतर्फ केन्याली धावकहरुले बर्चश्व राखेका हुन् ।

म्याराथन खुलातर्फ पहिलो भएका केन्याली धावक जुलियास मुरियाली वाहोमले निर्धारित ४२.१९५ किलोमिटरको दुरी २ घण्टा १९ मिनेट ३६ सेकेण्डमा पूरा गरे भने केन्याकै इसाक किहारा कमिरीले २ घण्टा २० मिनेट ०५ सेकेण्डको समय निकाल्दै दोश्रो भए । त्यस्तै अर्का केन्याली धावक इडविन किप्लागटले २ घण्टा २० मिनेट ४५ सेकेण्डमा दुरी पार गरी तेस्रो भए । किप्लीगाट १७ औं सस्करणका विजेता थिए । त्यस्तै नेपाली धावक किरण सिंह बोगटी



चौथो स्थानमा रहे । उनले २ घण्टा २४ मिनेट ०२ सेकेण्डमा म्याराथन पूरा गरे ।

खुला म्याराथनतर्फ पहिलो भएका जुलियासले नगद रु ५ लाख, दोश्रो भएका इसाक किहाराले नगद ३ लाख, तेश्रो भएका इडविनले नगद २ लाख र चौथो भएका किरण बोगोटीले ३० हजार नगद हात पारे ।

त्यस्तै गण्डकी प्रदेशतर्फ सफल लामा, देव प्रसाद जलारी र मनोज अधिकारी क्रमश पहिलो, दोश्रो र तेश्रो भए । महिला २१ किमितर्फ सन्तोषी श्रेष्ठले पोखरा अन्तर्राष्ट्रिय म्याराथनमा कोर्स रेकर्ड दर्ता गरिन् । उनले १ घन्टा १८ मिनेट ३९ सेकेण्डमा दुरी पार गर्दै नगद रु १ लाख ५० हजार प्राप्त गरिन् । २१ किमि महिलातर्फ केन्याली अवीजल जेरोप १ घन्टा १९ मिनेट ०२ सेकेण्डमा दुरी पार गर्दै दोश्रो हुँदा राममायाँ बुढा १ घन्टा १९ मिनेट २२ सेकेण्डमा दुरी पार गर्दै तेश्रो र १ घन्टा २१ मिनेट ०७ सेकेण्डमा दुरी पार गरेकी फुलमती राना चौथो भइन् । यस्तै पुरुष १० किमि दौडमा ३१ मिनेट १५ सेकेण्डमा दुरी पार गरी टंक बहादुर कार्की पहिलो, सुवास कार्की दोश्रो हुँदा ३२ मिनेट ३७ सेकेण्ड लगाए भने, तेश्रो भएका सन्जिब नेपाली तेश्रो ३३ मिनेट २९ सेकेण्डमा दुरी पार गरे । महिला १० किमि दौडमा ४२ मिनेट १६ सेकेण्डमा दुरी पार गरी आशा रावत पहिलो हुँदा ४२ मिनेट २४ सेकेण्डमा दुरी पार गरेकी सिमा चौधरी दोश्रो र ४४ मिनेट २१ सेकेण्डमा दुरी पार गर्दै नम्रता गुरुङ तेश्रो भएकी छन् । ५ किमि छात्र दौडमा तेन्जन रोक्का मगर पहिलो, प्रकाश थिङ दोश्रो र इश्वर ढकाल तेश्रो भए भने छात्रातर्फ नारायणी भण्डारी पहिलो, गिता श्रेष्ठ दोश्रो र एन्जीला जिटी तेश्रो भइन् ।

५ किमि भेट्रान पुरुषतर्फ कपिल श्रेष्ठ, आइलाल शाही, निम बहादुर थापा क्रमश पहिलो, दोश्रो र तेश्रो भए भने महिलातर्फ चित्रा गुरुङ, विष्णु कुमारी गुरुङ र चेत माया पगेनी क्रमश पहिलो, दोश्रो र तेश्रो भएका छन् ।

## देशमा आर्थिक सुधार हुदैछ- पूर्व अर्थमन्त्री पुन

पोखरापत्र संवाददाता
पोखरा, ५ फागुन

पूर्व अर्थमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी(माओवादी केन्द्र) का केन्द्रीय उपमहासचिव वर्षमान पुन(अनन्त) ले देशमा आर्थिक सुधार हुदै आएको बताउनु भएको छ ।

प्रेस सेन्टर नेपाल कास्की शाखाले शनिबार पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै पूर्व अर्थमन्त्री पुनले देशमा खार्थिक सुधारका केही सकरात्मक प्रयासहरु भई रहेको दाबी गर्नु भएको हो ।

अघिल्लो बर्षको तुलनामा यस चालु आर्थिक बर्षको यो समय सम्ममा केही कम युवाहरु विदेशीयको, विदेश गएकाहरुले आफ्नो ज्ञान सिप लियर स्वदेशमै नयाँ उद्योग व्यवसायीमा लागेको उहाँले दाबी गर्नु भयो । बैदेशीक मुद्रा संचित एक बर्ष पुग्ने गरी रहेको दाबी गर्दै पूर्व अर्थमन्त्री पुनले संचित मुद्रालाई मेसिनरी सामान खरिद तथा उद्योमशिल क्षेत्रमा एवं उत्पादनशिल क्षेत्रमा लगानी गर्न आग्रह गर्नु भयो । मधेस प्रदेशमा अझै पनि मिटर व्याजको चर्को समस्या रहेको उल्लेख गर्दै नेता पुनले मिटर व्याजीलाई अपराधि घोषणा गरी आवश्यक कार्वाही गर्न माग गर्नु भयो । सामाजिक सुरक्षा कोषमा हालसम्म करिब ५ लाख आबद्ध भएको दाबी गर्दै




पूर्व अर्थमन्त्री पुनले यसले आम नेपालीहरुको भविश्य सुरक्षित गर्ने दाबी गर्नु भयो । सामाजिक सुरक्षाकोषले जन्म देखि, उपचार हुदै बृद्ध अबस्थामा समेत व्यक्तिको रेखदेख गर्ने व्यबस्था हुने हुदा यसको महत्व अब स्थानिय तहसम्म पुर्याउनु पर्नेमा उहाँको जोड थियो ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्व सरकारले बजेटलाई प्रथामिकता दियर आउदो बजेट ल्याउने गृहकार्य भएको समेत उहाँको भनाई थियो । गठबन्धनले निरन्तरता पाउछ की पाउदैन भन्ने पत्रकारको प्रश्नमा माओबादीका उपमहासचिव पुनले देशमा स्थायीत्व र समृद्धिको लागि बगठन्धन आवश्यक भएकोले यो लामो समय अघि बढ्ने दाबी गर्नु भयो । शान्ति प्रकृया टुंगोमा पुर्याउन र देशमा शुसासन कायम गर्न पनि अहिलेको गठबन्धन कटिवद्ध भएको बताउदै उहाँले राजनीतिमा केहिले काहि एक आपसमा आरोप प्रत्यारोप भई रहने जनाउनु भयो ।

पोखरा अन्तराष्ट्रिय विमानस्थलको बिषयमा पूर्व अर्थमन्त्री पुनले यो कुनै देशसंग जोड्नु भन्दा व्यपारीक दृष्टिले जोडेर चाइना र भारत दुई देशका शहरहरुमा सिधा हवाइ सेवा संचालन गर्न आव्हान गर्नु भयो ।

अहिलेका अर्थमन्त्रीले अपेक्षाकृत राजश्व संकलन र पुंजिगत खर्च बढाउन नसकेकोले प्रधानमन्त्रीले केही सोधपुछ गरेको उहाँको अभिव्यक्ति रहेको थियो । चालु आर्थिक बर्षको पुंजिगत खर्च हालसम्म १९ प्रतिशत मात्र भएको उहाँले जनाउनु भयो । अघिल्लो बर्षको तुलनामा चालु आर्थिक बर्षको हालसम्म हेर्दा करिब ८ प्रतिशत खर्चमा बृद्धि भएको पूर्व अर्थमन्त्री पुनको भनाई थियो । प्रेस सेन्टर कास्कीका अध्यक्ष कृष्ण दबाडीको अध्यक्षतामा वरपिपल रिसोर्टमा कार्यक्रम भएको हो ।

## संघीयता कार्यान्वयनमा संघीय सरकार नै बाधक

पोखरापत्र संवाददाता
पोखरा, ५ फागुन

'अझ हाम्रो पालामा भन्दा अहिले दोस्रो कार्यकालमा आएर प्रदेश सरकारहरुलाई पूरा बजेटको ३ प्रतिशतमात्रै दिएको छ । संघीयता कमजोर यसकारण भएको हो', प्रतिनिधिसभा सदस्य पृथ्वीसुब्बा गुरुङले भने, 'माथिबाट थिचेको थिच्यै गरेको छ। माथिबाट प्रदेशको अधिकारलाई कटौती गरेर तलबाट स्थानीय तहलाई उचाल्ने काम गरिरहेको छ ।'

पोखरामा जारी सूर्य नेपाल गाथा नेपाल लिटरेचर फेस्टिभलको एघारौं संस्करणअन्तर्गत 'प्रदेशका पीर' विषयक सत्रमा गण्डकीका पूर्वमुख्यमन्त्रीसमेत रहेका प्रतिनिधि सभा सदस्य गुरुङले संघीयता कार्यान्वयनमा आफूले भोगेको सकसको पोको खोलेका हुन् । गुरुङले संघीयता कार्यान्यवनको दोस्रो कार्यकाल आइसक्दा पनि अधिकार बाँडफाँडमा संघ सरकार अनुदार बनेको आरोपसमेत लगाए । राजनीतिक, प्रशासनिक र वित्तीय सबै हिसाबले प्रदेशलाई कमजोर बनाइएको गुरुङको जिकिर छ ।

'वित्तीय संघीयताको हिसाबले पनि प्रदेशलाई केही दिएको छैन, उसले कतै राजश्व उठाउन पाउँदैन । केवल ढुंगा, गिटी, बालुवामा स्थानीय तहसँग मिलेर व्यवस्थापन गर्ने भनिएको छ', गुरुङले भने, 'वित्तीय संघीयताको हिसाबले पनि प्रदेश एकदम कमजोर सरकार हो ।' प्रदेश सरकारले कुनै योजना अगाडि बढाउन चाहे पनि संघीय कानुनकै कारण अड्चन आइपर्ने गुरुङको भनाइ थियो । उनले स्थानीय तहलाई 'उचालेर' संघ सरकार आफैं प्रदेशलाई थिच्ने काम गरिरहेको आरोप लगाए । उनले भने, 'अधिकार माथि केन्द्रित गरेर राख्ने, अलिअलि भए पनि



स्थानीय सरकार सञ्चालित भयो भने प्रदेश सरकार चाहिँदैन क्याहो भन्ने मेन्टालिटी संघीय सरकारले नै बनाइरहेको छ ।'

गुरुङ फेरि संघीयता कार्यान्वयका विषयमा जिल्ला समन्वय समितिको औचित्यमाथि प्रश्न गरे । उनले जिससलाई संघीयताको गलगाँडको संज्ञा दिए। 'संघीय लोकतन्त्रात्मक संविधान आयो । त्यो संविधानमा ३ तहको सरकारको व्यवस्था गर्‍यो', गुरुङले भने, 'तर, यहाँ अर्को गलगाँड पनि थप्यो, जिल्ला समन्वय समिति भन्ने । त्यो कुनै पनि हिसाबले औचित्यपूर्ण थिएन ।' गुरुङसँग गण्डकीका वर्तमान मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे वक्ताका रुपमा थिए भने उक्त सत्रको सहजीकरण पत्रकार अमृत सुवेदीले गरेका थिए ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पूर्वमुख्यमन्त्रीकै विचारमा सही थापे । संघ सरकारले कानुन नबनाइदिँदा नयाँ योजनाहरु ल्याउन नपाएको रल्याएका योजना पनि कार्यान्वयन गर्न नसकेको बताए । 'यहाँ आइसकेपछि जति गर्न सक्ने कुरा छ । त्यति गर्न नसकिनुको कारणमध्ये प्रमुख कारण हामीले संविधानले पदत्त गरेका अधिकार जे छ, त्योअनुसारको अधिकार नपाएर पनि हो', मुख्यमन्त्री पाण्डेले भने, 'कतिपय कानुन हामीले बनाउन पाएनौं, कति बनाएर पनि कार्यान्वयन गर्न सकेनौं ।' संघ सरकारले बजेटमा पनि संकुचन ल्याउँदा प्रदेशहरु आफैंले आत्मनिर्भर भएर बजेट ल्याउन सक्ने अवस्था नरहेको पाण्डेको भनाइ छ । 'किनकी यो नयाँ संरचना पनि हो । कतिपय कानुनी बाध्यताले काम गर्न सकेका छैनौं', उनले भने, ' आत्मनिर्भर अहिले नै बनिसक्ने स्थिति छैन । तर, प्रयत्न गरिरहेका छौं । गर्न खोजेका कुरामा पनि कानुनी झमेलाहरु छन् ।' गोरखामा उनको चुनावी क्षेत्रमा पुष्पकमल दाहाल 'प्रचण्ड' चुनाव लड्न आउने भएपछि आफूले मुख्यमन्त्री हुन नै आफू प्रदेश झरेको बताए । तर, प्रदेशमा आइसकेपछि संघीयताको मर्मअनुसार संघीय सरकारले अधिकार नदिँदा काम गर्न नपाएको दुखसो पोखे । अहिले प्रधानमन्त्रीसमेत रहेका प्रचण्डसँगै अधिकारकै लडाइँ लडिरहेको पाण्डेले सुनाए । 'प्रधानमन्त्रीसँग व्यक्तिगत लडाइँ भएको होइन । तर, अधिकारको लडाइँ हो', उनले भने, 'संघीयता यदि कार्यान्वयन हुन्छ भने तपाईंको पालामा हुनुपर्छ भनेर प्रचण्डजीलाई पनि भनेको छु । यसलाई लागू गर्ने पहिलो जिम्मेवारी पनि उहाँको पनि हो ।'

संघीयतापछि गण्डकी प्रदेशको पहिलो मुख्यमन्त्री बनेका पृथ्वीसुब्बा गुरुङले आफ्नो कार्यकालमा अधिकार माग्दै संघ सरकारलाई दबाब दिन मुख्यमन्त्री भेला गरेका थिए । दोस्रो कार्यकालमा आइसक्दा पनि हालका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे पनि तिनै पुरानै माग उठाइरहेका छन् । 'तपाईंले प्रदेशलाई डमरु बनाइयो भनेको ५ वर्ष बितिसक्दा पनि अहिले पनि तिनै मागहरु उठिरहेको छ । तपाईं प्रदेशको मुख्यमन्त्री भएर संघीय सांसद हुनुभयो । संघीयता कार्यान्वयनको हलो कहाँ अड्किएको रहेछ ?' सत्र सहजकर्ता अमृत सुवेदी प्रश्न राख्छन् ।

सुवेदीको प्रश्नमा भने गुरुङले संघीयताको हलो नअड्किएको तर, मेसो नमिलेको जवाफ दिए । 'हलो अड्किएको भए यो प्रदेश सरकार पनि चल्ने थिएन, संघीय सरकार पनि चल्ने थिएन । सरकार त चलिरहेकै छ नि ', उनले भने, 'तर, संघीयताले आफ्नो सामर्थ्य देखाउने हो भने, यो मुलुकमा स्थिरता कायम हुनुपर्‍यो । बांगाटिंगा कुरा मिलाउनुपर्‍यो ।'

नेपालमा संघीयता लागू गर्न 'कर्मचारी तन्त्र' वाधक भएको गुरुङले दोहोर्‍याए । योजना कार्यान्वयनको इमान्दार कर्मचारी नै नभएको उनको आरोप छ । ' प्रदेश सरकारसँग लोयल भएको कर्मचारी र प्रहरी भएनन् हामीसँग', उनले, 'अर्को भनेको धेर योजना कार्यान्वयन गर्न हामीर्ला जमिन चाहिन्छ । अहिले एउटा रुख ढाल्न पनि केन्द्र सरकारको अनुमति लिइरहनुपर्ने प्रावधान छ । यो मैले भागेर आएको हो ।' प्रदेश सरकारको उपलब्धी एकीकृत रुपमा तथ्यांकमा नआउँदा प्रदेश सरकारको काम नदेखिएको उनीहरुको भनाइ थियो । 'हामीले थापाथलीको तथ्यांक कार्यालय वा सिंहदरबारको तथ्यांमामात्रै तथ्यांक मानिरहेका छौं । ७ वटा प्रदेशले थुप्रै काम गरेको छ । तर, त्यो कहीं पनि आउँदैन', पूर्व मुख्यमन्त्री गुरुङले भने, 'प्रदेशको आम्दानी विकास, रोजगारी विकास, उत्पादन, उत्पादकत्वमा प्रदेशले कुनै न कुनै भूमिकाबाट गरेकै छ ।'


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# बालोदय र शान्ति निकुन्ज वडा अध्यक्ष कप फुटवल प्रतियोगिताको उपाधिको लागि भिड्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ५ फागुन

शान्ति निकुन्ज र बालोदय बोर्डिङ स्कुल पोखरामा जारी अन्तरबिद्यालय वडा अध्यक्ष कप फुटवल प्रतियोगिता २०८० को उपाधिको लागि फाइनल खेलमा प्रतिष्प्रर्धा गर्ने भएका छन् ।



ड्याम साइड क्लवको आयोजनामा पोखरा ड्याम साइड स्थित गण्डकी प्रदेश प्रहरी गणको फुटवल खेल मैदानमा आइतबार दिउँसो २:३० बजे फाइनल खेल हुने भएको क्लवले जनाएको छ ।

फाइनल खेल हुनु पूर्व सन्ध्यामा आइतबार दिउँसो क्लवको भेट्रान टिम र पोखरा महानगरपालिका वडा नम्बर १७ का जनप्रतिनिधि तथा कर्मचारी बिचको मैत्रिपूर्ण फुटवल खेल हुने भएको क्लवका पूर्व अध्यक्ष पदम ढकालले बताए । आइतबार बिहान ११:०० बजे पछि तेश्रो स्थानको लागि गत बर्षको विजेता छोरेपाटन मावि र फिस्टेल एकेडेमी बिच खेल हुने भएको छ । शनिबार भएको पहिलो सेमिफाइनल खेलमा शान्ति निकुञ्ज स्कुलले फिस्टेल एकेडेमीलाई १–० को झिनो गोल अन्तरले पराजित गर्दै फाइनलमा यात्रा बनाएको हो । शान्ति निकुञ्जको जितमा आयुष गुरुङले निर्णायक एक गोल गरे । खेलमा म्यान अफ दी म्याच घोषित भएका गुरुङलाई नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बरालले ट्रफी हस्तान्तरण गरे । दोश्रो सेमिफाइनल खेलमा गत बर्षको विजेता छोरेपाटन माविलाई १-० ले पराजित गर्दै बालोदय बोर्डिङ स्कुल फाइनलमा प्रबेश गरेको हो । बालोदयको जितमा आविश्कार सुनारले एक गोलको योगदान दिए । खेलमा बालोदयका गोलरक्षक प्रमिस पौडेल म्यान अफ दी म्याच घोषित भए । पोखरा महानगरपालिका वडा नम्बर १७ को प्रबर्द्धनमा उक्त प्रतियोगिता भएको हो । प्रतियोगिताको विजेता टिमले ३० हजार, उपविजेताले २० हजार, तेश्रो हुनेले १० हजार र शान्त्वना हुने टिमले भने ५ हजारको साथमा ट्रफी, मेडल र प्रमाण–पत्र प्राप्त गर्ने भएको महासचिव राकेश श्रेष्ठले बताए । फुटवल खेलको तल्लो स्तरबाटै विकास गर्ने उद्धेश्यले उक्त प्रतियोगिता आयोजना गरिएको अध्यक्ष प्रताप गुरुङले बताए । प्रतियोगितामा सामुदायिक तथा निजी गरी १९ बिद्यालयहरुको सहभागिता रहेको थियो ।

# पोखरा-१४ मा आइतबारदेखि स्थानीय महोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, ५ फागुन

पोखरा महानगरपालिका १४ नम्बर वडा कार्यालयले महानगरपालिकामै पहिलो पटक आयोजना गरेको स्थानीय महोत्सवको तयारी पुरा भएको छ ।



पोखरा-१४ वडा कार्यालयले महानगरपालिकामै पहिलो पटक आयोजना गरेको स्थानीय महोत्सवको तयारी पुरा भएको प्रचारप्रसार व्यवस्थापन समितिका संयोजक रामजी जिसीले जानकारी दिए । स्थानीय स्तरमा उत्पादित कृषिजन्य उपज तथा मौलिक कला संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यसहित पोखरा-१४ वडा कार्यालयले आइतबार र सोमबार (फागुन ६ र ७ गते) स्थानीय महोत्सव आयोजना गरेको हो । पोखरा महानगरपालिका-१४ छिनडाँडा स्थित शुक्रराज बलभद्र माविको खेलमैदानमा आयोजना हुने महोत्सवमा १ सय वटा स्टलको व्यवस्था गरिएको वडा कार्यालयले जनाएको छ। स्थानीय व्यवसायीहरुको व्यवसाय प्रवर्द्धन, स्थानीय मौलिक कला संस्कृतिको जगेर्ना गर्ने उद्धेश्यसहित पहिलो चोटि महोत्सव आयोजना गरेको वडाध्यक्ष बोधबहादुर कार्कीले बताए । 'महोत्सवमा स्थानीय उत्पादनलाई मात्र प्राथमिकता दिएका छौं, पोखरा-१४ मा उत्पादन हुने कृषि जन्य उपजको व्यवसायीकरण एवं बजारीकरण, स्थानीय व्यवसायीको उत्पादन तथा व्यवसाय प्रवर्द्धन गर्ने वडाको मुख्य उद्देश्य रहेको छ । यसले कृषकहरुमा थप उर्जा मिल्ने विश्वास लिएका छौं ।' वडाध्यक्ष कार्कीले भने । आइतबार र सोमबार सञ्चालन हुने स्थानीय महोत्सवमा स्थानीय मौलिक कला र संस्कृतिको जगेर्ना गर्ने, आपसी सद्भाव र मित्रताको अभिवृद्धि गर्ने, खेलकुद संस्कृतिको विकास र स्थानीय पर्यटकीय स्थलको पहिचान र प्रचारप्रसार गर्ने उद्धेश्य राखिएको छ । दुई दिनसम्म सञ्चालन हुने महोत्सवमा पोखरा-१४ भित्रका टोलस्तरीय रस्साकस्सी प्रतियोगिता, आमासमूहबीच रस्साकस्सी प्रतियोगिता, छेलो प्रतियोगिता र सेलरोटी पकाउने प्रतियोगिता आयोजना गरेको प्रचारप्रसार संयोजक केसीले बताए । महोत्सवमा राष्ट्रिय तथा स्थानीय कलाकारहरुको सांगितिक कार्यक्रमहरुसमेत रहने उनले बताए ।

# बिटी कप: मालेपाटनविरुद्ध डिफेण्डिङ च्याम्पियन गन्नीको सँघर्षपूर्ण जीत

**पोखरापत्र संवाददाता**
पोखरा, ५ फागुन

बुद्धटोल युवा (बिटी) क्लबको आयोजनामा जारी सातौं विरेन स्मृति १७ औं बिटी कप खुल्ला फुटबल प्रतियोगितामा शनिबार दोस्रो चरणका ८ खेल सम्पन्न भएका छन् ।



पोखरा महानगरपालिका १ पुरानो टुंडिखेलमा आज (शुक्रबार) भएको पहिलो खेलमा भिमकाली क्लबले जि नाइन युनाइटेडलाई २-० गोल अन्तरले पराजित गर्दै भिमकाली क्लब प्रिक्वाटरफाइनलमा प्रवेश गर्यो । भिमकालीको जीतमा नरेश केसी र किशोर बरामले समान १ गोल गरे ।

यस्तै दोसो खेलमा रामघाट एफसीले भदौरे एफसीलाई ३-१ गोल अन्तरले पराजित गर्दै रामघाट अघिल्लो चरणमा प्रवेश गर्यो । रामघाटको जीतमा सविन थापाले २ र अर्जुन मगरले १ गोलको योगदान दिए भने भदौरेको तर्फबाट उत्सव श्रेष्ठले सान्त्वना १ गोल फर्काए। तेस्रो खेलमा तारा एफसीले माछापुच्छ्रेलाई २-० गोल अन्तरले पराजित गर्यो । ताराको जीतमा राम थापा र विश्व थापाले समान १ गोल गरे ।

यस्तै चौथो खेलमा केआइइसी बुनले बानियाँ ब्रदर्शलाई १-० गोल अन्तरले हरायो । बुनको जीतमा आशिष गुरुङले निर्णायक गोल गरे । पाँचौ खेलमा गन्नी एफसीले मालेपाटन एफसीलाई १-० गोल अन्तरले पराजित गर्दै प्रिक्वाटरफाइनलमा स्थान पक्का गर्यो। डिफेण्डिङ च्याम्पियन गन्नीको जीतमा खिम गुरुङले निर्णायक गोल गरे । छैटौं खेलमा तारा एफसी 'ए' ले भ्याली स्पोर्टसूलाई २-१ गोल अन्तरले हरायो । ताराको जीतमा क्षितिज जिटी र टिकाराज गुरुङले समान १ गोल गरे भने भ्यालीका लागि विष्णु गुरुङले सान्त्वना १ गोल फर्काए। सातौं खेलमा एलसी ब्रदर्शले पिपलडाली क्लबलाई ७-० गोलको फराकिलो अन्तरले पराजित गर्दै एलसी ब्रदर्श प्रिक्वाटरफाइनलमा प्रवेश गर्यो । एलसीको जीतमा अजित गुरुङले ५ गोलको योगदान दिए भने धनराज मगर र अमृत मगरले समान १ गोल गरे । यसैगरी एलजी आरवाइसी काठमाडौं र पोखरा म्युजिक हाउसबीच भएको अन्तिम खेल गोलरहित बराबरीमा निर्धारित समय सकिएपछि टाइब्रेकरमा काठमाडौंले पोखरा म्युजिक हाउसलाई ४-३ गोल अन्तरले पराजित गर्दै काठमाडौं प्रिक्वाटरफाइनलमा प्रवेश गरेको खेल संयोजक रामकाजी गुरुङले जानकारी दिए । उनका अनुसार आइतबारपनि दोस्रो चरणका खेल हुनेछन् भने सोमबारदेखि प्रिक्वाटरका खेल हुनेछ। सो प्रतियोगिताको विजेताले नगद १ लाख ७१ हजार १ सय ११ रुपैयाँ, शिल्ड तथा मेडलसहित प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै उपविजेताले १ लाख ५ हजार ५ सय ५५ रुपैयाँ, शिल्ड तथा मेडलसहित प्रमाणपत्र प्राप्त गर्नेछ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले ट्रफिसहित नगद रु १० हजार हात पार्नेछ भने उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर र सर्वाधिक गोलकर्तालाई जनही ८/८ हजार रुपैयाँ र ट्रफि प्रदान गरिनेछ भने अनुशासित एक टिमलाई १० हजार रुपैयाँसहित ट्रफि प्रदान गरिनेछ ।

# रेडक्रसमा राजनीतिक हस्तक्षेप हुनु हुँदैन : अध्यक्ष तिमिल्सिना

**पोखरापत्र संवाददाता**
पोखरा, ५ फागुन

राष्ट्रियसमा अध्यक्ष गणेशप्रसाद तिमिल्सिाले मानवतावादी रेडक्रस जस्तो संस्थामा राजनीति प्रवेश गर्दा सेवाग्राहीले सुशासन प्राप्त गर्न नसक्ने बताउनुभएको छ ।



नेपाल रेडक्रस सोसाइटी कास्की शाखाको ४० औं साधारणसभालाई शनिबार पोखरामा सम्बोधन गर्दै अध्यक्ष तिमिल्सिनाले यस्ता संस्थामा राजनीतिक हस्तक्षेप हुनु राम्रो नभएको बताउनुभयो । "देशका अधिकांशसंस्थामाराजनीतिकरण हुँदा आम जनताको राजनीतिक दलप्रति वितृष्णा पैदा भएको छ", अध्यक्ष तिमिल्सिनाले भन्नुभयो, "अब नेपाल रेडक्रस सोसाइटीमा आबद्ध देशभरका कमिटी सदस्यले भ्रष्टाचारविरुद्धको अभियानलाई तीव्र पार्नहोस् ।" अन्तर्राष्ट्रियरूपमा ख्यातिप्राप्त नेपाल रेडक्रस सोसाइटीलाई राजनीतिबाट टाढै राख्नुपर्ने सुझाव दिँदै अध्यक्ष तिमिल्सिनाले राजनीतिक दलहरूले पनि यस्ता संस्थालाई स्वतन्त्ररूपमा मानवीय सेवामा लाग्न प्रेरित गर्नुपर्ने सुझाव दिनुभयो । रेडक्रस सोसाइटीमा लाग्ने हरेक सदस्यले पवित्र मनले मानवीय सेवा गर्दै विपद् र दुःखमा परेका व्यक्तिको घाउमा मल्हम लगाउनुपर्नेमा उहाँले जोड दिनुभयो । सो अवसरमा अध्यक्ष तिमिल्सिनालेनेपालरेडक्रससोसाइटी कास्की प्रादेशिक रक्तसञ्चार सेवाको नवनिर्मित भवनको उद्घाटनसमेत गर्नुभएको थियो । गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री खगराज अधिकारीले विपद्मा परेका र रगत अभावमा छटपटाइरहेका परिवारलाई सेवा पुर्याउँदै आएको रेडक्रसको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो । रगतको अभाव र प्राकृतिक विपद्मा परेका परिवारलाई सहज र सरलरूपमा सेवा पुर्याउन उक्त संस्थाले आफ्नो सेवालाई अझ प्रभावकारी बनाउनुपर्नेमा उहाँको जोड छ ।

नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय अध्यक्ष सुदर्शनप्रसाद नेपालले रेडक्रसकर्मीले असल र पवित्र भावनालाई उजागर गर्दै दुःखमा परेको परिवारलाई सहयोग गर्नुपर्नेमा जोड दिनुभयो। विश्वमा एक सय ९१ मुलुकमा सेवा गर्दै आएको यस संस्थाका हरेक सदस्यले आफ्नो जिम्मेवारीलाई पूरा गर्दै अगाडि बढ्न सुझाव दिनुभयो । नेपाल रेडक्रस सोसाइटीमा राजनीतिक गन्ध आउन नहुने भनाइ उहाँको छ ।

नेपाल रेडक्रस सोसाइटी कास्कीका अध्यक्ष दण्डराज शर्माको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य बन्दुकुमार थापालगायतले रेडक्रसको भूमिकाको चर्चा गर्नुभएको थियो ।

# पोखराबाट अन्तर्राष्ट्रिय उडान सुचारु गराउन सार्वजनिक सभा

**पोखरापत्र संवाददाता**
पोखरा, ५ फागुन

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान सुचारु गराउन दबाब दिने उद्देश्यले आइतवार पोखरामा सार्वजनिक सभा आयोजना हुने भएको छ ।

उक्त सार्वजनिक सभाको आयोजना राष्ट्रिय नागरिक अभियान कास्की र स्वतन्त्र पत्रकार संघ कास्कीले गरेका हुन् । अभियानका संयोजक विनय यादवले पोखरावासीको ठूलो लगानी, सिङ्गो पोखराको गौरवको योजना निर्माण भएर सञ्चालनमा आइसक्दा पनि अन्तर्राष्ट्रिय उडानका लागि राज्य निदाएकाले ब्यूझाउन सभा आयोजना गरिएको बताए । सभाको मुख्य उद्देश्यारे प्रकाश पार्दै उनले थपे, 'पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्णरूपमा सञ्चालन गर, वी.आर.आइ. ऋणलाई अनुदानमा परिणत गर, विमानस्थल निर्माणमा भ्रष्टाचार छ भने छानविन गर यो बाहेक कार्यक्रमको अर्को उद्देश्य छैन ।' सभामा नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मी, अग्रज पत्रकार युगनाथ शर्मा पौडेल, पत्रकार महासंघ कास्की अध्यक्ष विमला भण्डारी र पर्यटनविज्ञ वासुदेव त्रिपाठी वक्ताका रूपमा रहेको स्वतन्त्र पत्रकार संघ कास्की अध्यक्ष असफल गौतमले जानकारी दिए । सभापछि वक्ताबाट आएका धारणा र समग्र पोखराबासीबाट संकलन गरिएका सुझावलाई सरोकारवाला निकायलाई बुझाइने आयोजक संस्थाले बताएको छ । सभामा पोखराका सबै क्षेत्रका प्रतिनिधिलाई आमन्त्रण गरिएको र उनीहरूबाट सुझाव मात्र संकलन गरिने अभियानका सदस्य सुनिल धामी बताउँछन् ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
– एल्फ्रेड डे

## सम्पादकीय

# राजनीतिक नेतृत्वलाई उन्मुक्ति

बहुचर्चित ललिता निवास जग्गा प्रकरणको निर्णय प्रक्रियामा संलग्न भएका तत्कालीन राजनीतिक नेतृत्वले विशेष अदालतबाट“ सफाइ “पाएका छन् । मन्त्रीपरिषद्को नीतिगत निर्णय भएको भन्दै पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल र डा बाबुराम भट्टराईलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा चलाएको थिएन । सिआइवीले दोस्रो चरणको अनुसन्धानमा पूर्वप्रधानमन्त्रीहरूलाई सरकारी साक्षी बनाएर घरमै वयान लिएर औपचारिकता निर्वाह गर्दा जग्गा हिनामिनामा संलग्न रहेको आरोपमा मुद्दा चलाइएका तत्कालीन तीन मन्त्रीले विशेषबाट सफाइ पाएका छन। मन्त्रीहरूले सफाइ पाए पनि प्रशासनिक नेतृत्व सम्हालेका दुई पूर्वसचिव उक्त प्रकरणमा दोषी ठहर भएका छन् । नीतिगत निर्णय गर्नेलाई छुट दिएर कर्मचारीलाई कार्वाहीको भागिदार बनाइ दिएको छ ।

विशेष अदालतका न्यायाधीशहरू खुसीप्रसाद थारू, रामबहादुर थापा र रीतेन्द्र थापाको इजलासले लगातार एक महिनाको सुनुवाइपछि ललिता निवास प्रकरणमा बिहीबार फैसला गरेको हो । इजलासले उक्त प्रकरणमा अभियोग लागेका पूर्वमन्त्री विजयकुमार गच्छदार, डम्बर श्रेष्ठ र चन्द्रदेव जोशीलाई सफाइ दिएको छ । अदालतले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्वप्रमुख आयुक्त एवं पूर्वसचिव दीप बस्न्यातलाई उक्त प्रकरणमा दोषी ठहर गरेको छ । यस्तै २०७० को चुनावी सरकारका मन्त्री एवं पूर्वसचिव छविराज पन्तलाई पनि जग्गा हिनामिना प्रकरणमा संलग्न रहेको भन्दै दोषी ठहर गरेको छ । अदालतले बस्न्यातलाई ८० लाख ४८ हजार जरिवाना र दुई वर्ष कैद सजाय सुनाएको छ । यस्तै पन्तलाई पनि अदालतले ८० लाख ४८ हजार जरिवाना र दुई वर्ष कैद सजायको फैसला गरेको छ । पन्तलाई तत्कालीन सचिवको हैसियतमा गरेको कार्यसम्पादनका लागि मुद्दा चलाइएको थियो । उक्त प्रकरणमा आरोपित पूर्वसचिव दिनेशहरि अधिकारीले पनि अभियोगबाट सफाइ पाएका छन ।

अदालतले मुख्य आरोपित शोभाकान्त ढकाल, रामकुमार सुवेदीलाई दोषी ठहर गरेको छ। यस्तै उक्त प्रकरणमा आरोपित व्यवसायी मीनबहादुर गुरुङ पनि दोषी ठहर भएका छन । अदालतले ढकाल, सुवेदी र गुरुङलाई जनही दुई वर्ष कैद र ८० लाख ४८ हजार रुपियाँ जरिवानाको फैसला गरेको छ । अदालतले अख्तियारको दाबी अनुसार नै ६५ जनाको नाममा रहेको जग्गा जफत हुने फैसला गरेको छ । ६५ जना प्रतिवादीकै जग्गा जफतको फैसला विशेषले गरेको छ । जग्गा किनेका व्यक्तिले नामसारी गर्दा कायम गरेको थैली अनुसारको रकम असुलका लागि कपाली सरहको दाबी किन्ने पक्षले गर्न पाउने गरी अदालतले फैसला गरेको हो । भ्रष्टाचार निवारण ऐनको व्यवस्था अनुसार देवानी हक कायम हुने गरी अदालतले फैसला गरेको छ । अदालतको फैसलाले सरकारी जमिन जोगिएको छ ।

नक्कली मोहीसमेत खडा गरी सरकारी जग्गा व्यक्तिका नाममा दर्ता गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०७६ माघ २२ गते विशेष अदालतमा मुद्दा दायर गरेको थियो । जसमा १६५ संलग्न भएको देखिएपछि ६० जनालाई प्रत्यक्ष संलग्न भएकोमा मुद्दा चलाइएको थियो । जग्गाधनी र मोही ३२ जना, जग्गा कमिसनमा लिने १८ लाई विपक्षी बनाइएको थियो । जग्गा जफतको हकमा मात्र कम्पनी र व्यक्ति गरेर ६५ जनालाई विपक्षी बनाइएको थियो । मुद्दा दर्ता भएको चार वर्षपछि अदालतले फैसला गरेको हो । अदालतले मृत्यु भइसकेका प्रतिवादीको हकमा लगत कट्टाको फैसला गरेको छ । विषेश अदालतको फैसला राष्ट्का लागि योगदान गरेको छ ।

# छात्रवृत्तिमा विद्यार्थीलाई बाख्राको पाठी

**पोखरापत्र संवाददाता**
दमौली, ५ फागुन

आँबुखैरेनी गाउँपालिका-१ स्थित मित्रता माध्यमिक विद्यालयमा अध्ययनरत सपना भट्टलाई छात्रवृत्तिको रूपमा बाख्राको पाठी पाउँछु भन्ने कल्पनै थिएन । उहाँले छात्रवृत्तिका रूपमा नगद वा शैक्षिक सामग्री पाउने अनुमान गर्नुभएको थियो ।

कक्षा ८ मा अध्ययनरत भट्टलाई छात्रवृत्तिको रूपमा पाठी पाउँदा नौलो लागेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, “हामीले त छात्रवृत्तिमा नगद वा शैक्षिक सामग्री दिएको पढेका, देखेका थियौं । तर विद्यालयले हामीलाई बाख्राको पाठी छात्रवृत्तिको रूपमा दिएको छ ।” कक्षा ७ मा अध्ययनरत रोजना रोकालाई पनि छात्रवृत्तिको रूपमा पाठी पाउँदा नौलो अनुभूति भएको छ । उहाँले भन्नुभयो, “छात्रवृत्तिको रूपमा बाख्राको पाठी पाएपछि नयाँपन लाग्यो ।” छात्रवृत्तिको रूपमा नगद वा शैक्षिक सामग्री दिने परम्परालाई परिवर्तन गर्दै विद्यालयले तनहुँ जिल्लामै पहिलो पटक बाख्राको पाठी प्रदान गरेको हो । विद्यालयले तीन जना विद्यार्थीलाई छात्रवृत्तिको रूपमा बाख्राको पाठी वितरण गरेको प्रधानाध्यापक सुरेन्द्र बोगटीले जानकारी दिनुभयो । नगद वितरण गर्दा छिटो खर्च हुने र पुनः उहीँ समस्या दोहोरिने भएकाले विद्यार्थीलाई आत्मनिर्भर बनाउन प्रेरित गर्ने उद्देश्यले छात्रवृत्तिमा पाठी वितरणको अभियान सुरु गरिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “विद्यार्थीलाई आयआर्जनसँग जोड्न पहिलो पटक पाठी वितरण अभियान सुरु गरिएको हो । पैसा दिँदा खर्च हुने र अर्को वर्षपनि उही विद्यार्थीलाई दिनपर्ने अवस्था आउँछ । पाठी दिएपछि विद्यार्थीको परिवारलाई समेत आयआर्जनमा जोड्न सकिने विश्वास लिएका छौं ।” प्रधानाध्यापक बोगटीका अनुसार कक्षा ८ मा अध्ययनरत सपना भट्ट, कक्षा ७ मा अध्ययनरत रोजना रोका र कक्षा ६ मा अध्ययनरत सृष्टि गुरुङलाई छात्रवृत्तिका रूपमा एक/एक वटा पाठी वितरण गरिएको छ । विद्यालयमा स्थापना गरिएको दुई वटा छात्रवृत्ति कोषबाट प्राप्त रु २१ हजारमा तीन वटा उन्नत बाख्राको पाठी खरिद गरिएको उहाँको भनाइ छ । बोगटीले भन्नुभयो, “बोर र जमुनापारी जातका बाख्राको पाठी छात्रवृत्तिको रूपमा उपलब्ध गराएपछि विद्यार्थी र अभिभावक प्रत्यक्ष रूपमा लाभान्वित हुनेछन् ।” उक्त छात्रवृत्ति काराखेती अस्मी स्मृति र गाउँवेशी कृषि अनुसन्धान केन्द्रबाट विद्यालयमा अध्ययनरत गरिब तथा जेहेन्दार विद्यार्थीका लागि उपलब्ध भएको थियो । छात्रवृत्ति वितरणलाई प्रभावकारी र दिगो बनाउन, दीर्घकालिन रूपमा आयआर्जनसँग जोड्न सुरु गरिएको अभियान प्रभावकारी हुने विश्वास लिइएको आँबुखैरेनी गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “यसले विद्यार्थीलाई आयआर्जन जोड्न सहयोग पुग्छ ।” ‘भात होइन थाल दिऔँ : माछा होइन जाल दिऔँ’ भन्ने यथार्थलाई व्यवहारमा कार्यान्वयनका लागि यो प्रयास फलदायी हुने चुमानको भनाइ छ । उहाँले भन्नुभयो, “बालबालिकाको शिक्षा प्राप्त गर्ने संविधान प्रदत्त मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्ने प्रयास स्वरुप यो कार्य शुभारम्भ भएको छ ।”

# पढ्दै कमाउँदै : विद्यार्थी चित्रकलामा रमाउँदै

**पोखरापत्र संवाददाता**
दमौली, ५ फागुन

तनहुँका आँबुखैरेनी गाउँपालिका-१ स्थित मित्रता माध्यमिक विद्यालयमा कक्षा ११ मा अध्ययनरत मनिषा भुजेल चित्रकलाको सीप सिकेपछि उत्साहित हुनुहुन्छ । चित्रकलामा रुचि भए पनि सिक्ने अवसर नपाउनुभएकी उहाँ हाल आफैँले चित्र कोर्नसक्ने हुनुभएको छ ।

आफैँले बुनेको बाँसको नाङ्लोमा समेत चित्र बनाउनुभएकी उहाँले पहिलो प्रयासमै राम्रो प्रतिक्रिया पाएको बताउनुभयो । उहाँले भन्नुभयो, “चित्र कोर्न पहिल्यैदेखि एकदमै मनपर्थ्यो, सिक्ने अवसर पाएकी थिइन, अहिले चित्रकलाको सीप सिकेपछि उत्साहित छु ।”

बाँसको नाङ्लोमा कोरेको चित्र गाउँपालिकास्तरीय शैक्षिक प्रदर्शनीमा राख्दा धेरैले राम्रो प्रतिक्रिया दिएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, “कस्तो राम्रो चित्र बनाएको भनेर धेरैले हौसला दिनुभयो, मलाई यसमा लाग्न अझ प्रेरित गरेको छ ।” भुजेलले बलात्कारपछि हत्या गरिएकी निर्मला पन्तको चित्र कोर्नुभएको छ । भविष्यमा चित्रकलालाई निरन्तरता दिने र चित्र बिक्री गरी पढाइ खर्च व्यवस्थापन गर्ने सोच बनाएको भुजेलले बताउनुभयो । उहाँले भन्नुभयो, “मैले अब चित्रकलालाई आम्दानीको स्रोत बनाउने सोच राखेको छु ।” कक्षा ११ मा अध्ययनरत भुजेलले पहिलो महिनावारीको अवस्थालाई चित्रमार्फत चित्रण गर्नुभएको छ । महिनावारी प्राकृतिक कुरा भएकाले लजाउन हुँदैन भन्ने सन्देश दिन सोहीअनुसारको चित्र कोरेको उहाँले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “महिनावारी भएका बेला लजाउने प्रवृत्ति छ, यो सामान्य कुरा हो लजाउन हुँदैन भन्ने सन्देश दिन चित्र बनाएको छु ।”

कक्षा ११ मा अध्ययनरत दिपक देवकोटाले ऐनापहरा र हात्तीको आकृतिलाई चित्रमार्फत उतार्नुभएको छ । गाउँपालिकाभित्रका पर्यटकीयस्थललाई चित्रमार्फत प्रवर्द्धन गर्न त्यसलाई कागजमा उतारेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “चित्रकलालाई आम्दानीको स्रोत बनाउने लक्ष्यसहित चित्र बनाउन सिकेको हुँ ।” उहाँहरू जस्तै कक्षा ११ मा अध्ययनरत २० विद्यार्थीलाई चित्रकला सिकाइ तालिम दिइएको छ । ‘पढ्दै कमाउँदै’ कार्यक्रमअन्तर्गत आँबुखैरेनी गाउँपालिकाले चित्रकला सिकाइ तालिम प्रदान गरेको हो । विद्यार्थीलाई पढाइसँगै सीप सिकाएर आत्मनिर्भर बनाउन यो कार्यक्रम ल्याइएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो । शिक्षा, युवा तथा खेलकुद शाखामार्फत विद्यार्थीको अतिरिक्त क्रियाकलापलाई उजागर गर्ने र पढ्दै कमाउँदै भन्ने उद्देश्यलाई सार्थकता दिन विद्यालयमा चित्रकला कक्षा सञ्चालन गरिएको चुमानको भनाइ छ । सैद्धान्तिक पढाइसँगै व्यावहारिक शिक्षालाई पनि समानान्तररूपमा अघि बढाउने योजनासहित पालिकाको विभिन्न कार्यक्रममध्ये चित्रकलालाई पनि प्राथमिकतामा राखेर कार्यक्रमलाई अघि बढाइएको चुमानले बताउनुभयो । उहाँले भन्नुभयो, “चित्रकला सिकाइले विद्यार्थीको कलालाई उजागर गर्नुका साथै विद्यार्थीमा रचनात्मक र सिर्जनात्मक कार्य गर्न प्रेरणा मिल्छ, चित्रकला आम्दानीको स्रोत बन्नसक्छ भनेर यसलाई अगाडि बढाएका हौँ ।”

# लक्ष्मण थापाको ‘मान्छे हराएको मान्छे’ सार्वजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, ५ फागुन




साहित्यकार लक्ष्मण थापाको पाँचौं कृति ‘मान्छे हराएको मान्छे’ लघुकथा सङ्ग्रह शनिबार पोखरामा सार्वजनिक गरिएको छ ।

लघुकथा प्रतिष्ठान, पोखराको आयोजनामा भएको कार्यक्रममा साहित्यकार सरुभक्त, तीर्थ श्रेष्ठ, हरिदेवी कोइराला, रमेश श्रेष्ठलगायतले कृतिको लोकार्पण गरे । कार्यक्रमका प्रमुख अतिथि सरुभक्तले साथी सर्कलबाट नयाँ चिन्तन र नयाँ सिर्जनाको विकास हुने बताउँदै लक्ष्मण थापालगायतका समूहको मित्रमण्डलीले सांस्कृतिक, साहित्यिक उन्नयनमा योगदान गर्ने विश्वास व्यक्त गरे । लघुकथा आकारका दृष्टिले सानो भएका कारणले मात्र नभई यसको क्षमताकै कारणले लोकप्रिय भएको मत राख्दै उनले विराट् विश्वलाई अटाउन सक्ने क्षमता लघुकथाले धारण गरेको भनाइ राखे ।

मान्छेभित्रको मान्छे गुण हराइरहेको परिवेशमा हरेक मान्छेले यो धर्तीमा जन्मेर मान्छे आवरणले मात्र मान्छे हु वा वास्तविक मान्छे नै हुँ भन्ने कुरा प्रत्येक मान्छेले सोच्नुपर्ने बेलामा कृति आएको सरुभक्तले बताए ।

कथाकार थापाले आफूलाई साथीहरूको सङ्गतले लेखक बनाएको बताए । यो कृति पनि साथीहरूकै प्रेरणाले ल्याएको भनाइ राखे । रोलाँ बाथको ‘डेथ अफ अथर’ को सिद्धान्तलाई आफूले स्वीकार गरेको बताउँदै उनले कृतिको जिम्मेवारी पाठकमा हस्तान्तरण भइसकेको बताए । उनका यसअघि मनको मूर्च्छना (गजल सङ्ग्रह, २०६०), पलापला (गजल सङ्ग्रह, २०६५), पर्खालबाहिर (मुक्तक सङ्ग्रह, २०६६) र अक्षरहरूको मूर्च्छना (कविता सङ्ग्रह, २०७७) प्रकाशित छन् । माया पब्लिकेसनले प्रकाशन गरेको मान्छे हराएको मान्छेमा ७० ओटा लघुकथा समेटिएका छन् । लघुकथा प्रतिष्ठानका अध्यक्षसमेत रहेका थापा छोरेपाटन माविका पूर्व प्रधानाध्यापक तथा निवृत्त शिक्षकसमेत हुन् । उनी नवनीत साहित्य सागरका पूर्व अध्यक्ष तथा अक्षरयात्राका परिकल्पनाकारमध्ये एक हुन् ।

कृतिको समीक्षा गर्दै नेपाली लेखक सङ्घ, गण्डकी प्रदेशका अध्यक्ष डा. ईश्वरमणि अधिकारीले विषयगत विविधता ‘मान्छे हराएको मान्छे’ को वैशिष्ट्य भएको बताए । उनले थापालाई कृतिका लघुकथाका आधारमा सामाजिक यथार्थवादी साहित्यकारका रूपमा चिन्न सकिने बताए । दार्शनिक चिन्तन गर्न सक्ने कथाकारका रूपमा थापालाई स्थापित गर्ने लघुकथाहरू कृतिमा समेटिएका डा. अधिकारीको भनाइ थियो ।

कथाकार थापाको परिचय दिँदै साहित्यकार दीपक समीपले साहित्यिक भिडमा पनि अलग्गै चिन्न सकिने साहित्यिक व्यक्तित्वका रूपमा चिनाए । थापा विचारको प्रयोग र शब्दहरूको सदुपयोग गर्न सक्ने साहित्यकारका भएको समीपको मत थियो । लघुकथा प्रतिष्ठानका उपाध्यक्ष कल्याण पन्तको अध्यक्षतामा भएको कार्यक्रममा साहित्यकार तीर्थ श्रेष्ठ, हरिदेवी कोइराला, रमेश श्रेष्ठलगायतले शुभकामना दिएका थिए । कार्यक्रमको सञ्चालन सचिव अमृतले गरेका थिए ।

# हिल प्वाइन्ट माविको वार्षिकोत्सव कार्यक्रम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ५ फागुन



पोखरा महानगरपालिका १२ माटेपानीमा रहेको हिल प्वाइन्ट मा.विको ४३ औ वार्षिकोत्सव कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमको उद्घाटन गर्दै गण्डकी प्रदेशका शिक्षा निर्देशानलयका महानिर्देशक अम्बिका प्रसाद आचार्यले गण्डकी प्रदेशलाई शैक्षिक राजधानी बनाउने योजना रहेको बताउदै विधार्थीहरूलाई यो प्रदेशमा आर्कषण गर्नको लागि विधालयहरुले विभिन्न योजनाको साथ काम गर्नुपर्ने बताउदै आचार्यले निजि र सामुदायिक विधालय एकआपसमा सहकार्य गरेर शैक्षिक क्षेत्रलाई अगाडि बढाउनुपर्ने बताए । कार्यक्रममा विद्यालयका प्राचार्य दिवाकर जैसीले विद्यालयको वार्षिक प्रतिवेदन तथा भावी रणनिति सुनाउदै विद्यालयले विगत केहि वर्ष देखि उत्कृष्ट नतिजा निकाली रहेको बताउदै विद्यालयले ब्यहवारीक शिक्षा तथा प्रविधि मैत्रीमा जोड दिएको बताए । कार्यक्रममा जिल्ला शिक्षा तथा समन्वय ईकाईका प्रमुख लोकनाथ आचार्य, हिसान कास्कीका अध्यक्ष याम रोका प्याब्शनका केन्द्रिय उपाध्यक्ष विर बहादुर बुढाथोकी स्कुलका अभिभावक तथा समाजसेवी ऋषिराम लामिछाने लगाएतले विद्यालयको प्रगतीको कामना गरेका थिए । कार्यक्रममा लामो समयसम्म कार्यरत शिक्षक शिक्षिकाहरू देवकी सापकोटा,शोभा लामिछाने,देवु गुरुङ, राम कुमार थापा, दिपेन गुरुङ, अउमाया गुरुङ लगाएतलाई सम्मान गरिएको थियो ।

स्कुल व्यवस्थापन समितीका अध्यक्ष विजुली वहादुर गुरुङको अध्यक्षतामा भएको उक्त कार्यक्रम शिक्षिका दिव्या जैसीले स्वागत मन्तब्य राखेका थिईन भने शिक्षक,शिक्षिका कपिल अधिकारी र सम्झना अधिकारीले कार्यक्रम सन्चालन गरेका थिए । कार्यक्रममा गत वर्ष विभिन्न विदामा उत्कृष्ट विधार्थीहरूलाई पुरस्कार वितरण गरीएको थियो । हिल प्वाइन्ट मा.विमा मोफसलमा नै पहिलो चोटी फाइन आर्टको कक्षा सन्चालन गर्ने विधालय रहेको छ। स्कुलमा साइन्स,व्यवस्थापन, होटल मैनेजमेण्ट विषयमा कक्षा सन्चालन भइरहेको छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : मानसिक तनाव |
| वृष | : शुभ यात्रा | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : स्वस्थ्यमा सुधार | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : आर्थिक समस्या | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।



**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
**संघीय आयोजना कार्यान्वयन इकाई कास्की**

**सम्पति तथा मालसामानको लिलाम बढाबढको सूचना**

**दोस्रो पटक प्रकाशनः२०८०/११/०६**

यस कार्यालयमा रहेका पुराना सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले दोस्रो पटक यो सूचना प्रकाशित भएको मितिले चार दिन (२०८०/११/०९) को कार्यालय समयसम्म) भित्र लिलाम बिक्रीको लागि कायम भएको न्यूनतम मूल्यको पाँच प्रतिशतले हुने रु. ८३५०।-(अक्षरेपी आठ हजार तीन सय पचास) नगद धरौटी सहित निवेदन दिनुहुन यो लिलाम बढाबढको सूचना आव्हान गरिएको छ ।

# फेन्सी तथा रेडिमेड व्यवसायी संघको साधारणसभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ५ फागुन

फेन्सी तथा रेडिमेड व्यवसायी संघ पोखराको १६ औ साधारणसभा सम्पन्न भएको छ।

साधारणसभाको उद्धघाटन गर्दै प्रमुख अतिथि पोखरा महानगरपालिकाकी उप प्रमुख मन्जुदेवी गुरूङले पोखरा महानगरपालिकामा देखिएको कर वृद्वि सम्वन्धी समस्यालाई सम्वोधन हुने किसिमले राजश्व परामर्श समिति दिएको सुझावलाई मुख्य आधार लिएर महानगरपालिकाल संशोधन गर्ने सकारात्मक रहेको बताउदै जनतालाई असर पर्ने कामहरू संसोधन हुनुपर्ने बताईन।

कार्यक्रममा विशेष अतिथि पोखरा महानगरपालिका वडा न ४ का वडा अध्यक्ष देवकृष्ण पराजुलीले जन प्रतिनिधि भएपछि सवैको साझा व्यक्ती हुनुपर्ने



बताउदै अहिले पोखरामा देखिएको सम्पति कर,तथा मालपोत कर देखि अन्य करको बृद्वि समस्याको बारेमा पोखरा महानगर पालिका ,आर्थिक ऐन पहिलो संसोधन -२०८० बिशेष समितिमा रहेर आफुले व्यवसायी लगाएत सम्पुर्ण जनतालाई कर वृद्विले दिर्घकालिन असर पर्ने सक्ने भएको कारणले यस बारेमा महानगरपालिका प्रमुखलाई सुझाव दिएको बताउदै कर बृद्विको बारेमा व्यवसायीका सघ संगठन नै नबोलेको बताए।

अध्यक्ष पराजुलीले पुजीका आधारमा कर वृद्वि हुनुपर्ने बताए। कार्यक्रममा फेन्सी तथा रेडिमेड व्यवसायी संघ पोखराका अध्यक्ष एकनारायण पनेरूले फेन्सी व्यवसायीले विभिन्न रचानात्मक कामहरू गरेको बताउदै सगठनलाई मजवुद बनाउन सके व्यवसायीहरू पनि मजवुद हुने बताए । कार्यक्रममा फेन्सी तथा रेडिमेड व्यवसायी संघ पोखराका पुर्व अध्यक्ष तथा सल्लाहकारहरू केशव बहादुर खत्री,मिनराज काफ्ले,प्रदिप कुमार मुल्मी,निर्वतमान अध्यक्ष राजु पौडेल पोखरा उधोग वाणिज्य संघका महासचिव बलराम आचार्य थोक व्यवसायी संघका अध्यक्ष टिकाराम सुवेदी संघका पुर्व उपाध्यक्ष पवित्रमणि पोखरेल लगाएतले बोलेका थिए।

कार्यक्रममा प्लस टुमा उत्कृष्ट अक ल्याउने तथा पुराना व्यवसायी र कार्यसमितिमा रहेर काम गरेका पुर्व पदाधिकारी तथा सदस्हरूलाई सम्मान गरिएको थियो । फेन्सी तथा रेडिमेड व्यवसायी संघ पोखराका अध्यक्ष एकनारायण पनेरूको अध्यक्षतामा सम्पन्न कार्यक्रममा धन्यवाद ज्ञापन संघ प्रथम उपाध्यक्ष यादव प्रसाद पोखेलले गरेका थिए भने कार्यक्रम संचालन महासचिव नारायणी दवाडीले गरेकी थिइन्।

# हिसान गण्डकी प्रदेशस्तरीय फुटसलमा कलेज लेवलको सेमिफाइनल समिकरण पुरा

**पोखरापत्र संवाददाता**
पोखरा, ५ फागुन

उच्च शिक्षालय तथा माध्यमिक शिक्षालय संघ (हिसान) गण्डकीको आयोजनामा पोखरामा दोस्रो प्रदेशस्तरीय हिसान प्लस टु तथा कलेज लेवल फुटसल प्रतियोगितामा सेमिफाइनल समिकरण पुरा भएको छ।

कलेज लेवलमा पोखरा लिङकन कलेज, सोचो कलेज अफ आइटि, इन्फोम्याक्स कलेज अफ आइटि एण्ड म्यानेजमेन्ट र इन्फोम्याट्रिक कलेज पोखरा सेमिफाइनलमा प्रबेश गरेका छन् । पोखरा लिङकन कलेजले माउण्ट अन्नपुर्ण क्याम्पसलाई ७-३ गोलले, सोचो कलेज अफ आइटिले लेकसिटि कलेज एण्ड रिर्सच सेन्टरलाई ४-०, इन्फोम्याक्स कलेज अफ आइटि एण्ड म्यानेजमेन्टले ला ग्यान्डि इन्टनेशनल कलेजलाई ४-२, इन्फोम्याट्रिक कलेज पोखरालेपोखराकलेजअफम्यानेज म्यान्टलाई ४-० गोल अन्तरले



हराउदै सेमिफाइनल प्रबेश गरेको छ। प्लस टु तर्फको शनिबारको पहिलो खेलमा स्टेप बाई स्टेप सेकेन्डरी स्कुलले सृजना हाइयर सेकेन्डरी स्कुललाई ३-० गोलले हरायो । अर्को खेलमा स्नोभ्यु इङलिस बोडिङ स्कुलले ग्यालेक्सी कलेजियट स्कुललाई २-० गोलले हरायो । त्यसै गरी सगरमाथा सेकेन्डरी स्कुलले प्रतिभा सेकेन्डरी स्कुललाई २-० गोल अन्तरले हरायो । प्रतियोगितामा कास्कीका १२ र अन्य जिल्लका ३ विद्यालय गरेर १५ विद्यालयले प्रतियोगिता भाग लिएको प्रतियोगिता संयोजक सन्तोष पराजुलीले जानकारी दिए । हिसान गण्डकीको सदस्य विद्यालय बिच भएको प्रतियोगितामा कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरुले सहभागीता जनाएका छन्।

प्रतियोगिताको विजेताले नगद १ लाख, मेडल, ट्रूफि र उपविजेताले नगद ५० हजार, मेडल र ट्रूफि प्राप्त गर्ने हिसान गण्डकीका अध्यक्ष रमाकान्त बरालले जानकारी दिए। त्यसै गरी युनिभर्सिटी लेवल फुटसल प्रतियोगिताका विजेताले नगद २० हजार मेडल र ट्रूफि, उपविजेताले नगद १० हजार मेडल र ट्रूफि प्राप्त गर्ने सबिन मेमोरीयल फुटबल क्लबका अध्यक्ष सञ्जय लिगले जानकारी दिए।

# केन्द्रिय राष्ट्रपति कप बैशाखको पहिलो साता, गण्डकी प्रदेशको तयारी सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ५ फागुन

नेपाली खेलाडी उत्पादनको मुख्य प्रतियोगिताको मध्येको एक केन्द्रिय राष्ट्रपति कप बैशाखको पहिलो साता हुने भए पनि यता गण्डकी प्रदेशले भने आफ्नो तयारी सुरु गरेको छ।

केन्द्रिय राष्ट्रपति कप रनिङ शिल्डफागुनको अन्तिम साता गर्ने यस अघि राष्ट्रिय खेलकुद परिषदले जनाएको थियो । यहि फागुनको अन्तिम साता बागमती प्रदेशस्तरीय प्रतियोगिता हुने भए पछि बैशाखमा धकेलिएको हो । यता केन्द्रियस्तरको प्रतियोगिता सर्ने निश्चित भए पनि प्रदेश खेलकुद परिषद गण्डकीले भने आफ्नो तयारी सुरु गरेको सदस्य सचिव श्रीधर शर्माले जनाएका छन् । गण्डकी प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड यहि फागुनको ११ देखि १३ गते सम्म नवलपुरमा हुने भएको छ।

गण्डकी प्रदेशस्तरीय राष्ट्रपति



रनिङ शिल्डको फागुन ११ गते गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री एवं परिषदका संरक्षक सुरेन्द्रराज पाण्डेले गर्ने सदस्य सचिव शर्माले जनाएका छन् । प्रदेशस्तरीय प्रतियोगिता सम्पन्न गर्न शर्माको अध्यक्षतामा राष्ट्रपति रनिङ शिल्डमा हुने ६ विभिन्न खेलका अध्यक्ष तथा पदाधिकरीहरु संग शनिबार छलफल गरेको छ।

सदस्य सचिब शर्माका अनुसार नवलपुर जिल्लाका ६ पालिकाहरुले प्रदेशस्तरीय राष्ट्रपति कप रनिङ शिल्ड सम्पन्न गर्न ३० लाख सहयोग गर्ने भए संगै प्रतियोगितालाई नवलपुरमा आयोजना गर्न लागिएको बताए। उनले भने-"यो महत्वपूर्ण निर्णय थियो । प्रतियोगिता सञ्चालन गर्न बजेट अभाव भएको बेला नवलपुरका पालिकाहरु अग्रसर भएका छन् । अर्को वर्ष जुन जिल्लाले आयोजना गर्ने हो । त्यहाँबाट प्रतिवद्धता आयो भने हामी यो प्रतियोगिता त्यहीं सञ्चालन गर्छौं र सोही अनुसार झण्डा समेत हस्तान्तरण गर्छौं।"

फागुन ११ गतेबाट सञ्चालन हुने गण्डकी प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड अन्तर्गत छात्र/छात्रा भलिबल र कबड्डी देवचुली नगर पालिकामा हुने तय गरिएको छ भने कराते मध्यबिन्दु नगर पालिका, तेक्वान्दो गैडाकोट नगरपालिका, उशु र एथलेटिक्स कावासोतीमा हुनेछ । उद्घाटन लगायत अन्य कार्यक्रमहरु समेत कावासोतीमा हुने सदस्य सचिब शर्माले जानकारी दिए।

गण्डकी प्रदेशस्तरिय राष्ट्रपति रनिङ शिल्डमा ६ खेलका १ हजार २ सय खेलाडी, प्रशिक्षक, टिम ब्यवस्थापक गरी १ हजार ४ सयको हाराहारीमा नवलपुर पुग्नेछन् । सोही प्रतियोगिताबाट केन्द्रिय राष्ट्रपति रनिङ शिल्डक लागि सबै खेलका १ सय १२ जना खेलाडी छनौट हुनेछन् । सदस्य सचिब शर्माले छनौट प्रक्रियालाई पारदर्शी र जिम्मेबार पूर्वक गर्न निर्देशन समेत् दिए। उनले भने-"खेलाडी छनौट गर्दा कुनै समस्य नआओस भन्नका लागि म सबै खेलका प्रतिनिधीहरुलाई सजग गराउन चाहन्छु । खेलाडीको हितका लागि छनौट पारदर्शी हुनुपर्छ।"

# सरस्वती आदर्श विद्याश्रम लोकनृत्यमा प्रथम

**पोखरापत्र संवाददाता**
पोखरा, ५ फागुन

राष्ट्रिय लोकनृत्य प्रतियोगिताको उपाधि पोखरा लामाचौरस्थित सरस्वती आदर्श विद्याश्रमले जितेको छ।

प्याब्सन नेपालद्वारा विराटनगरको आरोह गुरुकुल नाट्यघरमा आयोजित प्रतियोगितामा सरस्वती आदर्श विद्याश्रम प्रथम हुँदै १ लाख, ट्रफी, पदक तथा प्रमाणपत्र प्राप्त गरेको छ । पालिका, जिल्ला, प्रदेशस्तर हुँदै सञ्चालित सो प्रतियोगिताको अन्तिम चरण राष्ट्रियस्तरको प्रतिस्पर्धामा समेत सरस्वतीले बाजी मारेको हो । प्रतियोगितामा कोशी प्रदेशबाट



सहभागी विद्यालय सुविजिमुर मेमोरियल दोस्रो र वागमतीको इलेन मेमोरियल तेस्रो भए । उनीहरुले क्रमशः ७५ र ५० हजार साथमा ट्रफी, पदक र प्रमाणपत्र प्राप्त गरे । मधेशको गोल्डेन फ्युचर एकेडेमी र कर्णालीको सिद्ध पाइलो स्कुल सान्त्वना हुँदै २५/२५ हजारसहित, ट्रफी, पदक र प्रमाणपत्र प्राप्त गरे।

प्याब्सन अध्यक्ष डीके ढुंगानाको अध्यक्षतामा भएको प्रतियोगितामा प्रमुख निर्णायक त्रिविका उपप्रध्यापक तथा पद्मकन्या क्याम्पस नृत्य विभागका प्रमुख प्रकाश तुलाचन थिए। सदस्यमा शान्ति कठायत र भानु सिटौला थिए।

# विद्यार्थी घटेपछि सामुदायिक विद्यालयलाई आवासीय बनाइँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ५ फागुन

पर्वतको फलेवास नगरपालिका-५ खानीगाउँस्थित चितिपानीमा रहेको ध्रुव नमुना माविलाई आवासीय विद्यालयका रूपमा सञ्चालन गरिने भएको छ । आगामी शैक्षिकसत्रदेखि बालकक्षादेखि कक्षा १० सम्म अध्ययन गर्ने विद्यार्थीलाई आवासीय सुविधा दिन थालिएको हो।

गत माघ २५ गते भएको अभिभावक भेलाले विद्यालयबाट गुणस्तरीय र प्रभावकारी शिक्षा दिनका लागि आवासीय बनाएर अघि बढ्नुपर्ने निष्कर्ष निकालेको थियो। यही फागुन २ गतेको विद्यालय व्यवस्थापन समितिको बैठकले आगामी शैक्षिकसत्र (२०८१) देखि बालकक्षादेखि कक्षा १० सम्म यातायातको सुविधासहित आवासीय विद्यालयका रूपमा सञ्चालन गर्ने निर्णय गरेको छ। विद्यालयमा असहाय, अनाथ, टुहुरा, विपन्न, गरीब तथा जेहेन्दार विद्यार्थी एवं अन्य इच्छुक बालबालिकालाई निःशुल्क आवास साथै खाना, पोशाक र स्टेशनरी सुविधा दिएर आवासीय बनाउन थालिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दिपक पौडेलले जानकारी दिनुभयो। उहाँका अनुसार भर्ना हुन आउने सबैको गरेर आवासीय सुविधा उपलब्ध गराइने छ। विद्यालयमा विद्यार्थीको सङ्ख्या घट्दै जान थालेपछि उक्त विकल्प निकालिएको पौडेलले बताउनुभयो। "प्रत्येक वर्ष विद्यार्थीको सङ्ख्या घट्दै जान थालेको छ", उहाँले भन्नुभयो, "विद्यार्थीको आकर्षण बढाउनका लागि आवासीय सुविधाको योजना ल्याएका हौं।" उहाँका अनुसार मावि तह सञ्चालन भएको यस विद्यालयमा अहिले ४० जना विद्यार्थी छन् । विभिन्न अवसरको खोजीमा युवापुस्ताले गाउँ छाडेपछि विद्यार्थीको सङ्ख्या न्यून हुँदै गएको स्थानीय जनप्रतिनिधि गिरिराज शर्माले बताउनुभयो। निजी विद्यालय जस्तै अङ्ग्रेजी माध्यममा कक्षा सञ्चालन गर्ने, शिक्षकको क्षमता विकास गर्ने, अभिभावक र विद्यार्थीलाई जिम्मेवार बनाउनका लागि आवासीय विद्यालयको अवधारणा ल्याइएको उहाँको भनाइ थियो । आगामी शैक्षिकसत्रदेखि बालकक्षादेखि कक्षा १० सम्म नै भर्ना हुने नयाँ वा पुराना विद्यार्थीलाई आवासीय सुविधा दिइने भएको छ । विद्यालयले दक्ष र अनुभवी शिक्षकबाट अध्यापन गराउने, सम्पूर्ण विद्यार्थीलाई पोशाक, शैक्षिक सामग्री र खाना, खाजाको व्यवस्थासमेत निःशुल्क गर्ने प्रधानाध्यापक झलक शर्मा पौडेलले बताउनुभयो। उहाँका अनुसार खेलकुद सामग्री र स्वच्छ खानेपानीको व्यवस्था हुनेछ।

विद्यार्थीलाई साप्ताहिकरूपमा अतिरिक्त क्रियाकलापको व्यवस्था गर्ने, कक्षा ६ देखि १० सम्म कम्प्युटर विज्ञानको कक्षा सञ्चालन गर्दै आइएको छ । यहाँ विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब र पुस्तकालयकोसमेत व्यवस्था रहेको उहाँले बताउनुभयो। आर्थिक अभावले विद्यालय तथा शिक्षाबाट वञ्चित बनेका मुलुकभित्रका जुनसुकै जिल्लाका असहाय, अनाथ, विपन्न, गरीब तथा जेहेन्दार विद्यार्थीले यहाँ अध्ययन गर्नसक्ने प्रअ पौडेलले जानकारी दिनुभयो । सबै सुविधा निःशुल्क हुने भएकाले पढाइबाट वञ्चित बालबालिकालाई अभिभावकले सहजीकरण गरेर विद्यालयसम्म ल्याउनुपर्नेमा उहाँले जोड दिनुभयो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ पोखरामा अंधेरी डहर मोहरपानी हुँदै मणिदिप सडक स्तरउन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः अंधेरी डहर मोहरपानी हुँदै मणिदिप सडक स्तरउन्नती
ठेगानाः पोखरा-१३, कास्की
योजना सुरु हुने मितिः २०८०/०८/२३ गते
योजना सम्पन्न हुने मितिः २०८०/०९/०३ गते
योजना सम्पन्न भएको मितिः २०८०/११/०६ गते
योजनाको कुल लागतः रु. ५५,५५,५५५।-
महानगरपालिकाबाटः रु. ५०,००,०००/-
जनसहभागिताबाटः रु.५,५५,५५५।-
अध्यक्षः बुद्धि प्रसाद बराल
उपाध्यक्षः बुद्धि राज बराल, सचिवः शिव राज बराल
कोषाध्यक्षः सृजना बराल, सदस्यः कमल प्रसाद बराल
सदस्यः सन्दिप बराल, सदस्यः गिता देवकोटा

**अंधेरी डहर मोहरपानी हुँदै मणिदिप सडक स्तरउन्नती उपभोक्ता समिति पोखरा-१३, कास्की**


# धार्मिक पर्यटन प्रवर्द्धन गर्न पञ्चकोटम पाँच हजार किलोको घण्ट

**पोखरापत्र संवाददाता**
बागलुङ, ५ फागुन

बागलुङको सर्वसिद्धिधाम पञ्चकोटमा पाँच हजार पाँच सय ५५ किलोको मुक्तिनाथ महाघण्ट राखिएको छ । बागलुङ नगरपालिका-५ स्थित पञ्चकोटलाई धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नका लागि यहाँ महाघण्ट राखिएको हो।

विसं २०७२ देखि पञ्चकोटमा धार्मिक संरचना बनाउन सुरु गरिएको थियो। गत साता मात्रै महाघण्टलाई पञ्चकोट ल्याइएको थियो। पञ्चकोटमा अहिलेसम्म सिस महल, गण्डकीमाताको मन्दिर, यज्ञशाला, हनुमानको विशाल मूर्तिलगायत दर्जनौं धार्मिक संरचना बनिसकेका छन्।

विभिन्न दाताको सहयोग, महायज्ञबाट सङ्कलन भएको रकम र सरकारबाट भएको करोडौंको लगानीले अहिले पञ्चकोट देशव्यापी रूपमा चर्चित बनेको छ। पञ्चकोटलाई धार्मिक पर्यटकीयस्थलका रूपमा विकास गर्ने योजनाअनुसार उक्त महाघण्ट राखिएको मुक्तिनाथ पीठाधीश्वर स्वामी कमलनयनाचार्यले बताउनुभयो। पञ्चकोटमा यही फागुन ९ गतेदेखि आयोजना हुने अनन्त श्री ब्रह्माण्डीय महायज्ञका अवसरमा महाघण्टको विधिपूर्वक स्थापना गरिने उहाँले बताउनुभयो।

मुक्तिनाथ महाघण्ट पञ्चधातु सुन, चाँदी, तामा, पित्तल र फलाम मिसाएर बनाइएकाले यो घण्टीलाई 'महाघण्टी' नाम दिइएको स्वामी कमलनयनाचार्य बताउनुहुन्छ। महाघण्टी बनाउन आठ वर्ष लागेको थियो।

पञ्चकोटमा निर्माण गर्न लागिएको एक सय आठ फिट अग्लो गण्डकी विश्वशान्ति कलशको नजिकै महाघण्टी राखिएको उहाँले बताउनुभयो। महाघण्टबाट निस्किएको ध्वनि साबिक धौलागिरिका बागलुङ, पर्वत, म्याग्दी र मुस्ताङका अधिकांश बस्तीमा सुन्न सकिने दाबी गरिएको छ । महाघण्ट बनाउन करिब रु दुई करोड खर्च लागेको अनुमान गरिएको कमलनयनाचार्यले बताउनुभयो।

उहाँले भन्नुभयो, "पञ्चकोटमा महाघण्ट राखिएको छ, यसमा शान्तिको ध्वनि निस्किनेछ, हामीहरूले अबको केही दिनमा अनन्तश्री ब्रह्माण्डीय महायज्ञको आयोजना गरेका छौं, त्यस अवसरमा घण्टको विधिवत् रूपमा प्राणप्रतिष्ठाको कार्य गरिने छ, धेरै समय खर्चिएर घण्ट बनेको छ, यसलाई यहाँ बन्दै गरेको गण्डकी कलशको आडमा राखिने छ।" समुन्द्री सतहदेखि एक हजार सात सय ५० मिटरको उचाइमा रहेको पञ्चकोटमा धार्मिक संरचना निर्माणका लागि आठ वर्षअगाडि तत्कालीन प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति सुशील कोइरालाले शिलान्यास गर्नुभएको थियो। पछिल्लो समय मुस्ताङको मुक्तिनाथ, म्याग्दीको गलेश्वरलगायत ठाउँमा पुग्ने धार्मिक पर्यटक यहाँ आउन थालेपछि चहलपहल बढेको पाइन्छ।

हालसम्म पञ्चकोटमा रु ५० करोड लगानी भइसकेको सर्वसिद्धिधाम पञ्चकोट विकास परिषद्का अध्यक्ष दामोदर शास्त्री दाहालले जानकारी दिनुभयो । पर्यटक आकर्षण र धार्मिक संस्कृतिको संरक्षणका लागि थुप्रै संरचना बन्ने चरणमा छन्। पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकले पञ्चकोटमा घुइँचो बढ्न थालेको दाहालको भनाइ छ । दैनिक तीन सयदेखि चार सयसम्म पर्यटक आउने उहाँ बताउनुहुन्छ। बिदा तथा विभिन्न चाडपर्वका बेला करिब एक हजार दुई सय बढी पर्यटक आउने गरेको दाहालले बताउनुभयो । महाघण्टले पर्यटकलाई थप आकर्षित गर्ने उहाँको भनाइ छ।